# स्वयंसेवी सहजकर्ता आवश्यकता सम्बन्धि सूचना

सुआहारा- दोस्रो: कार्यक्रम अमेरिकी अन्तराष्ट्रिय विकास नियोगको सहयोगमा सन् अप्रिल २०१६ देखि मार्च २०२१ सम्म सञ्चालनमा आईरहेको पाँच वर्षे एकिकृत पोषण कार्यक्रम हो । यो परियोजना एकिकृत पोषण कार्यक्रम बहुक्षेत्रीय कार्य पद्धतिमा आधारित छ । यस कार्यक्रमको उद्देश्य १००० दिनका आमा तथा तिनका बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउनु हो । यो सुआहारा दोश्रो चरणको कार्यक्रम हेलेन केलर ईन्टरनेशनलको नेतृत्वमा वातावरण र जनस्वास्थ्य संस्था (एन्फो), केयर नेपाल, एफ.एच.आई ३६०, नेपाल प्रविधिक समूह, इक्वेल एक्सेस नेपाल र बिजय बिकास तथा श्रोत केन्द्र बीचको साझेदारीमा कार्यान्वयन गरिरहेको छ ।

सुआहारा कार्यक्रम अन्तर्गत पोषण स्थितिमा सुधार ल्याउनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न निम्न स्वयंसेवी सहजकर्ता आवश्यक भएको हुँदा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको योग्य नागरिकले तल उल्लेखित बमोजिम प्रक्रिया पूरा गरी दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<table>
<tr><td>पद</td><td>सामुदायिक खानेपानी, सरसफाइ तथा स्वच्छता सहजकर्ता (Community WASH Facilitator)</td></tr>
<tr><td>प्रकार</td><td>Partially Paid Volunteer</td></tr>
<tr><td>आवश्यक कर्मचारी</td><td>प्रत्येक वडामा १ जनाको दरले दैलेख जिल्लाका लागि आवश्यक स्वयंसेवी सहजकर्ताको संख्या निम्मानूसार छन्<br>
<table>
<tr><th>गाँउ/नगरपालिका</th><th>वडा नं</th><th>जम्मा आवश्यक कर्मचारी</th></tr>
<tr><td>आठविस नगरपालिका</td><td>१, २, ३, ४,५ ६, ७, ८, ९</td><td>९</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९</td></tr>
</table></td></tr>
<tr><td>न्यूनतम् योग्यता र दक्षता</td><td>• न्यूनतम एस.एल.सी वा एस.इ.इ उर्तीण भएको<br>• सम्बन्धित नगरपालिका र वडामा स्थायी वसोवास भएको महिला हुनुपर्नेछ ।<br>• समुदाय परिचालन सम्बन्धी ज्ञान, सिप र अनुभव भएको<br>• खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा कार्य अनुभव तथा ज्ञान भएकालाई प्राथमिकता<br>• राम्रोसँग संचार, समन्वय र समुदायमा प्रभाव पार्न सक्ने क्षमता भएको<br>• समुदायमा सहजैरुपमा परिचालित हुन सक्ने र मिलनसार, उर्जाशिल व्यक्तित्व भएको<br>• स्थानीय भाषामा दख्खल भएको<br>• स्वयंसेवी भावले काम गर्न इच्छुक भएको</td></tr>
<tr><td>मुख्य जिम्मेवारी</td><td>• खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि बानी व्यवहार परिवर्तनका लागि समुदाय, घरघुरी तथा विद्यालय स्तरमा ट्रिगरिङ्ग, अभिमुखिकरण तालिम एवं प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने ।<br>• स्वस्थ घर, समुदाय र पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्न समुदाय परिचालन गरी अभियान संचालन गर्ने ।<br>• स्वस्थ्य आमा समूह र अन्य स्थानिय समूहको बैठक तथा भेलामा सहभागी भई खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धि बानी व्यवहार विशेषत: पानी शुद्धिकरण र साबुन पानीले हातधुने बानी व्यवहार प्रवर्द्धन गर्ने ।<br>• स्थानिय तहको खानेपानी, सरसफाइ र स्वच्छता समन्वय समिति, स्थानिय निकाय, फिल्ड सुपरभाइजर, सामुदायिक पोषण सहजकर्ता र अन्य सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने ।</td></tr>
</table>

| | |
|---|---|
| | • स्वस्थ घर सम्वन्धि खानेपानी, सरसफाइ र स्वच्छता तथा पूर्ण सरसफाइका सूचकहरुको नियमित घरधुरीस्तरमा अनुगमन गर्ने र आवश्यक परामर्श दिने । <br>• वडा भित्रका सबै घरधुरी तथा १००० दिनका आमाहरुको घरलाई विशेष प्राथमिकता दिई स्वस्थ घर सम्बन्धि कार्यक्रम संचालन गर्ने । <br>• कार्यरत वडालाई १ वर्ष भित्र स्वस्थ घर समुदाय/पूर्ण सरसफाई उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिई कार्यक्रम संचालन गर्ने । |

## दरखास्त बुझाउने प्रक्रिया

माथि उल्लेखित योग्यता पुगेको इच्छुक नागरिकले यहि **मिति २०७५ साल आश्विन ७ देखी १४ गते सम्म कार्यालय समय (७ दिनको म्याद)** भित्र तपसिलका कागजपत्र सहित निवेदन दिनुपर्ने ।

- पासपोर्ट साइजको फोटो सहितको योग्यता र कार्यदक्षतासम्बन्धि विवरण (CV, Curriculum Vitae with passport size photo) एक प्रति
- नागरिकताको प्रतिलिपि एक प्रति
- शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि एक प्रति
- कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि एक प्रति

**निवेदन बुझाउने स्थान :**

**सम्बन्धित नगरपालिकाको वडा कार्यालयहरु मा बुझाउनु पर्नेछ। थप जानकारीको लागी सम्वन्धित वडा कार्यालय, नगरपालिका तथा सुआहारा जिल्ला कार्यालयमा सम्पर्क राख्नुहोला ।**

**फोन नं** सुआहारा जिल्ला कार्यालयको फोन नं. ०८९-४१०१९२

> स्वयंसेवी सहजकर्ता छनौट प्रक्रियामा समता तथा समावेशिकरणलाई प्रवर्द्धन गर्दै
> महिला, पछाडी पारिएका वर्गका व्यक्तिहरुलाई निवेदन दिनुहुन प्रोत्साहित गरिन्छ ।